# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### नेपाल राष्ट्र बैंक र बैंक अफ कोरिया बीच Knowledge Partnership Program सम्बन्धी Terms of Reference मा हस्ताक्षर

The 2017 Bank of Korea Knowledge Partnership Program with the Nepal Rastra Bank कार्यक्रम अन्तर्गत Development of a Macroeconomic Model for Economic Forecasting सम्बन्धी Terms of Reference मा नेपाल राष्ट्र बैंक र बैंक अफ कोरिया (दक्षिण कोरियाको केन्द्रीय बैंक) बीच मिति २०७४ आषाढ १३ गते काठमाडौंमा आयोजित एक समारोहमा हस्ताक्षर कार्यक्रम सम्पन्न भएको छ ।




बैंक अफ कोरियाले विभिन्न समयमा नेपाल राष्ट्र बैंकलाई प्राविधिक सहायता प्रदान गर्दै आइरहेकोमा यस कार्यक्रम अन्तर्गत बैंक अफ कोरियाको प्राविधिक सहायतामा कोरियाको Yonsei University का अनुसन्धानकर्ताहरुको संलग्नतामा नेपालको आर्थिक प्रक्षेपणका लागि Macroeconomic Model सन् २०१७ भित्र तयार गर्ने गरी समझदारी भएको छ । उक्त Terms of Reference मा नेपाल राष्ट्र बैंकका तर्फबाट गभर्नरको कार्यालयका निर्देशक डा. प्रकाशकुमार श्रेष्ठ र बैंक अफ कोरियाका तर्फबाट International Affairs Department का Deputy Director General, Jong Suk Won ले हस्ताक्षर गर्नु भएको थियो । हस्ताक्षर कार्यक्रम का.मु. गभर्नर चिन्तामणि शिवाकोटी, डेपुटी गभर्नर शिवराज श्रेष्ठ, कार्यकारी निर्देशकहरु तथा Bank of Korea / Yonsei University का प्रतिनिधिहरुको समुपस्थितिमा सम्पन्न भएको थियो ।




उक्त कार्यक्रममा अनुसन्धान विभागका कार्यकारी निर्देशक नर बहादुर थापाले स्वागत मन्तव्य राख्नुका साथै नेपालको अर्थतन्त्रको वर्तमान अवस्था तथा नेपालको आर्थिक संरचनाका बारेमा संक्षिप्त जानकारी गराउनु भएको थियो ।

२०७४ असार १३, मंगलबार

गभर्नरको कार्यालय